प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०६/१७

(बेलुका ५:०० बजे)

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  हाल बागमती प्रदेशमा संक्रमितको खोजी र फलो-अपको लागि १७८ वटा टोलीले कार्य गरिरहेको छ । प्रत्येक टोलीमा ३ जना तालिमप्राप्त स्वास्थ्यकर्मीहरु रहेका छन् जसअनुसार काठमाण्डौमा ३२, काभ्रेपलान्चोकमा १९, धादिङमा १६, चितवनमा १५, सिन्धुपाल्चोकमा १४, ललितपुरमा १३, मकवानपुरमा १३, नुवाकोटमा १२, दोलखामा ११, सिन्धुलीमा ९, भक्तपुरमा ८, रामेछापमा ८, रसुवामा ५ र प्रदेश निर्देशनालयलमा ३ वटा टोलीले कार्य गरिरहेका छन् ।

- **आइसीयु बेड र भेन्टिलेटर व्यवस्थापनः**

  यस प्रदेशका विभिन्न जिल्लामा हाल ४३५ वटा आइसीयु बेड र १९८ वटा भेन्टिलेटर तयारी अवस्थामा रहेको छ जसअनुसार आइसीयु बेड र भेन्टिलेटरको संख्या क्रमशः काठमाडौंमा १२०, ६०, ललितपुरमा १०२ , ६८, भक्तपुरमा २०, १२, चितवनमा १७६, ४९, सिन्धुलीमा २, ३, काभ्रेपलान्चोकमा १५ , ५ तयारी अवस्थामा रहेको छ भने नुवाकोटमा ५ आइसीयु बेड र ३ भेन्टिलेटरहरु संचालन हुने प्रक्रियामा छ ।

- **व्यवहार परिवर्तन संचारः**

  कोभिड-१९ रोकथाम, नियन्त्रण उपचार सम्बन्धमा विभिन्न संचार माध्यमबाट देशभरि व्यवहार परिवर्तन संचार, संक्रमितहरुलाई गरिने भेदभाव न्यूनीकरण उपायबारे समेत संचार, पि. सि. आर. परिक्षण, घरमा आइसोलेसन बस्ने मापदण्ड समेत समावेश गरिएको छ ।

## ❖ कोभिड-१९को तुलनात्मक विवरणः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको चालिस प्रतिशत (३९.९६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ । माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ८४५७० (१००%) | ३३७९६ (१००%) |
| निको भएको | ६२७४० (७४.२%) | १९६५६ (५८.२%)* |
| उपचाररत | २१३०२ (२५.२%) | १३९३७ (४१.२%)* |
| मृत्यु भएको | ५२८ (०.६%) | १९७ (०.६%)* |

## ❖ गत २४ घण्टामा जिल्लाअनुसार RT-PCR परिक्षण नतिजाको विवरणः

यस प्रदेशमा आज काठमाण्डौमा १००१, ललितपुरमा १०९, चितवनमा ७५, भक्तपुरमा ६७, काभ्रेपलान्चोकमा ११, धादिङमा ८, नुवाकोटमा ८, मकवानपुरमा ६, रामेछापमा ६, सिन्धुलीमा ३, दोलखामा ३ र सिन्धुपाल्चोकमा २ गरी जम्मा १२९९ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- चावहिल, काठमाण्डौका ६८ वर्षीय पुरुष श्वासप्रश्वासमा समस्या भई असोज ११ गते काठमाण्डौ मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज १२ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचाप र मधुमेहले ग्रसित हुनुहुन्थ्यो । त्यस्तै बागबजार, काठमाण्डौका ६८ वर्षीय पुरुषलाई कलेजो र मृगौलाको समस्या भई असोज ४ गते नेपाल मेडिसिटि अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज ४ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचाप र श्वासप्रश्वासको समस्याले ग्रसित हुनुहुन्थ्यो ।
- कालिन्चोक, दोलखाका ६५ वर्षिया पुरुषलाई श्वासप्रश्वासमा समस्या भई असोज १५ गते भरतपुर अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज १५ गते नै कोभिड-१९ पुष्टि भएको थियो । उहाँ क्यान्सरले ग्रसित हुनुहुन्थ्यो । त्यस्तै सिन्धुपाल्चोकका ४१ वर्षीय पुरुषलाई श्वासप्रश्वासमा भई असोज १ गते सशस्त्र प्रहरी बल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज १६ गते निधन भएको छ। उहाँको असोज ३ गते कोभिड-१९ पुष्टि भएको थियो ।
- नख्खु, ललितपुरका ६७ वर्षीय पुरुषलाई श्वासप्रश्वासमा समस्या र शक  भई असोज ४ गते ह्याम्स अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज १६ गते निधन भएको छ । उहाँको असोज ५ गते कोभिड-१९ पुष्टि भएको हो । उहाँ उच्च रक्तचाप, मुटुरोग, मृगौला रोग, श्वासप्रश्वासको समस्या र मधुमेहले ग्रसित हुनुहुन्थ्यो । भरतपुर-११, चितवनकी ७६ वर्षिया महिलालाई हृदयघात भई असोज १० गते कलेज अफ मेडिकल साइन्स, चितवनमा भर्ना गरी उपचार गर्ने क्रममा असोज १६ गते निधन भएको छ । उहाँको असोज १४ गते कोभिड-१९ पुष्टि भएको हो । उहाँ उच्च रक्तचाप, मुटुरोगले ग्रसित हुनुहुन्थ्यो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ८२४२ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल ४९३ जना बसिरहनुभएको छ भने १४५० जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ३२६१ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३६३३ जना (होम आइसोलेसन सहित) बसिरहनुभएको छ । आजको मितीसम्मको विवरण अनुसार यस प्रदेशमा ९०२४६ जनाको पिसिआर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | 1050 | 113 | 267 | 1347 | 2174 | 26466 | 1001 | 22674 |
| ललितपुर | 371 | 31 | 80 | 289 | 208 | 2357 | 109 | 2799 |
| भक्तपुर | 105 | 6 | 165 | 331 | 88 | 10768 | 67 | 2445 |
| रसुवा | 255 | 44 | 5 | 35 | 3 | 1012 | | 21 |
| नुवाकोट | 549 | 34 | 16 | 40 | 24 | 4827 | 8 | 203 |
| धादिङ | 315 | 5 | 18 | 137 | 45 | 3433 | 8 | 502 |
| चितवन | 2465 | 44 | 569 | 355 | 943 | 15779 | 75 | 2403 |
| सिन्धुली | 392 | 69 | 9 | 43 | 35 | 2951 | 3 | 167 |
| मकवानपुर | 407 | 29 | 4 | 300 | 30 | 10296 | 6 | 1494 |
| रामेछाप | 490 | 65 | 49 | 108 | 12 | 1479 | 6 | 176 |
| दोलखा | 193 | 16 | 52 | 44 | 3 | 2137 | 3 | 141 |
| काभ्रेपलान्चोक | 861 | 19 | 115 | 176 | 51 | 4705 | 11 | 586 |
| सिन्धुपाल्चोक | 789 | 18 | 101 | 56 | 17 | 4036 | 2 | 185 |
| जम्मा | 8242 | 493 | 1450 | 3261 | 3633 | 90246 | 1299 | 33796 |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

#संक्रमितको संख्या दोहोरिएकोमा सच्याइएको

### ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण


प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ६१६९ | ३१० | १९१ | ४८ जना: भक्तपुर-१९, सिन्धुली-११, सिन्धुपाल्चोक-७, काभ्रेपलान्चोक-५,ललितपुर-१, दोलखा-१, उदयपुर-१, प्युठान-१, फलोअप-२ | १४३ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २५०४१ | ९६ | १५४ | १९ जना: मकवानपुर-१५, सिन्धुली-३, फलोअप-४ | १३५ | |

(आज प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।)

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/१७

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुहअनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा २१-५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/१७

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई